फोन नं. ०९९४००१८९

दोधारा चाँदनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दोधाराचाँदनी, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं.: २०८०।०८१ कृषि विकास शाखा
च.नं.: १३४४

मिति: २०८०।११।२०
ने.सं. ११४४ सिल्लागा, ०८ आइतबार

दोधारा चाँदनी नगरपालिका नगर कार्यापालिकाको कार्यालय दोधारा चाँदनी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

विषयः सूचना टाँस गरिदिने सम्बन्धमा।

श्री वडा कार्यालयहरूसबै (१० वटै)
दोधारा चाँदनी नगरपालिका
नेपाल

प्रस्तुत विषय सम्बन्धमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, कञ्चनपुरको च.नं. ३२६, मिति २०८०/११/१५ गतेको पत्रानुसार सो पत्र साथ संलग्न गरिएको 'कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान' सम्बन्धी' सूचना यसै पत्रासाथ संलग्न राखी पठाइएको हुँदा उक्त सूचना तहाँ वडा कार्यालयको सूचनापाटिमा टाँस गरी आवश्यक सहयोग गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ।

२०८०।११।२०

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री नगर प्रमुखको सचिवालय, दोधारा चाँदनी नगरपालिका
श्री नगर उप-प्रमुखको सचिवालय, दोधारा चाँदनी नगरपालिका
श्री सूचना प्रविधि शाखा (सम्पूर्ण वडा कार्यालयमा तथा विभिन्न अनलाइन माध्यममा सूचना साझा गरिदिन हुन)

Email: agriculture.dcm@gmail.com
dcmun1015@gmail.com

website: www.dodharachandanimun.gov.np

नेपाल सरकार

कृषि तथा पशुपन्छी बिकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाइ

## कञ्चनपुर

फोन नं.०९९ ५२५९९१, ९८५८७५१६६५
इमेल:pmamp.piu.kanchanpur@gmail.com
वेबसाईट: piukanchanpur.pmamp.gov.np

प.सं.: २०८०/०८१
च.न.: ३२६

मितिः २०८०/११/१५

विषयः सूचना टाँस गरिदिने सम्बन्धमा ।

श्री भीमदत्त नगरपालिका
श्री बेदकोट नगरपालिका
श्री कृष्णपुर, नगरपालिका
श्री पुनर्वास नगरपालिका
श्री वेलौरी नगरपालिका
श्री शुक्लाफाँटा नगरपालिका
दोधारा चाँदनी नगरपालिका
श्री बेल्डाडी गाउँपालिका
लालझाडी गाउँपालिका
नगर तथा गाउँ कार्यपालिकाको कार्यालय,
(कृषि तथा पशुपन्छी विकास शाखा)
कञ्चनपुर ।

उपरोक्त विषयमा यस कार्यालयको मिति २०८०।११।१५ गते प्रकाशित कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सँचालनका लागी प्रस्ताव आह्वान सम्वन्धि यसै पत्र साथ पठाईएको सूचना ताहाँ कार्यालयको सुचना पाटीमा टाँस गर्नुका साथै सम्बन्धित वडा कार्यालयमा समेत जानकारी गराई दिन हुन अनुरोध गरीन्छ ।

..............
राजु त्यागी रिमाल
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
कञ्चनपुर

प.सं.: २०८०/८१
च.नं.:

फोन:०९९ ५२५९९१ ९८५८७५१६६५
इमेल :pmamp.piu.kanchanpur@gmail.com
वेबसाईट : piukanchanpur.pmamp.gov.np

## कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८०/११/१५

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कञ्चनपुरको चालु आ.व.०८० /८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम** संचालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत **कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८०** बमोजिम योग्यता पुगेका इच्छुक कृषि उद्यमी/युवा/फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन भित्र अर्थात् (मिति २०८०/१२/१४ गते भित्र) यस कार्यालयमा अनुसूचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसुचि-३ अनुसारको ढाँचामा कार्यकम संचालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल

| संचालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही | कार्यक्रमको संचालन हुने क्षेत्र | कार्यक्रम संचालन गर्न सकिने बाली/वस्तु कियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम | १८ देखि ५० वर्ष उमेर समुहभित्रका कृषक, कृषि उद्यमी | कञ्चनपुर जिल्लाभरि | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८० को दफा ६ मा उल्लेख भए बमोजिम | • प्रति प्रस्ताव बढीमा चार लाख रुपैया सम्म।<br>• स्वीकृत प्रस्ताव अनुसार कार्य सम्पन्न प्रगतिका आधारमा कुल लागतको बढीमा पचास प्रतिशत रकम अनुदान स्वरुप बढिमा दुई किस्तामा शोधभर्ना गरिने। |

निवेदन साथ संलग्न कागजातहरु

(१) कार्यक्रम संचालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव।

(२) निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (निवेदकको नागरिकता वा नेपाल सरकारबाट जारी गरिएको फोटोसहितको परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।)

(३) कार्यक्रम संचालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसंग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसंग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौतापत्रको प्रतिलिपि)।

(४) उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु (अडिट रिपोर्ट)।

(५) स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि।

(६) सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित सहकारी संस्थाको सिफारिश पत्र।

(७) सम्बन्धित स्थानीय तहको कृषि तथा पशुपन्छी शाखाको सिफारिस पत्र।

नोट: अनुसुचि-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसुचि-३ अनुसारको ढाँचामा कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना पत्र परियोजना कार्यान्वयन एकाइ, कञ्चनपुर वा यस कार्यालयको वेबसाईट **piukanchanpur.pmamp.gov.np** बाट प्राप्त गर्न सकिने छ।

सन्तोष उपाध्याय रिमाल